# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ,कालिकोट
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या : २०७९/०८०
चलानी नं : —

## एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदको सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०९/२९)

प्रस्तुत विषयमा यस नरहरिनाथ गाउँपालिकामा रिक्त रहेको पदहरु एम.आई.एस. अपरेटर एक जना र फिल्ड सहायक एक जनाको लागि मिति २०७९।०९।२० गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण सेवा इकाईको लागि एम.आई.एस.अपरेटर १ (एक) र फिल्ड सहायक १ (एक) पदको लागि खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पद पूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको भौचर रसिद सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०३/२०७९/८० | एम. आई. एस. अपरेटर | राजपत्र अनङ्कित प्रथम श्रेणी सरह | १ जना |
| २ | ०४/२०७९/८० | फिल्ड सहायक | राजपत्र अनङ्कित द्धितीय श्रेणी सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्यूटर विषय लिइ उत्तीर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको, फिल्ड सहायकको लागि कम्तिमा एस.एल.सि.(SLC/SEE) वा सो सरह उर्तिण गरेको ।

ख. दरखास्त दिन अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरि कुनै कारवाही नभएको ।

घ. देहायको ज्ञान सिप भएको

<u>(१) एम.आई.एस.अपरेटरको हकमा:</u>

(अ) देवनागरी लिपिमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।

(आ) Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्ने सिप भएको ।

(इ) MS-Office package (Word, Excel, Access, Power Point etc.) को प्रयोग गर्न सक्ने क्षमता भएको ।

(ई) इमेल,इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको ।

(उ) व्यवस्थापन सूचना प्रणाली (MIS) सम्वन्धि आधारभूत ज्ञान भएको ।

(ऊ)कम्प्यूटर मर्मत सम्वन्धि सामान्य ज्ञान भएको ।

(२) फिल्ड सहायकको हकमाः

(अ) सामाजिक परिचालन सम्बन्धी कार्यको अनुभव,

(आ) संचार दक्षता भएको,

(इ) अन्तरवैयत्तिक संवाद दक्षता भएको,

(ई) समूहमा काम गर्न सक्ने,

(उ) इमेल, इन्टरनेट सम्वन्धी आधारभूत ज्ञान भएको ।

२. दरखास्त दिने स्थानः- नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ कालिकोट ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/१०/ १३गते कार्यालय समय भित्र ।

४. आवेदनको दस्तुरः- एम.आई.एस.अपरेटरको रु. ७००/- (सात सय मात्र) र फिल्ड सहायकको रु. ५००/- (पाँच सय मात्र)

५. छनोटको किसिमः- संक्षिप्त सूची प्रकाशन गरिने र एम.आई.एस.अपरेटरको हकमा कम्प्यूटर सिप परिक्षण र अन्तरवार्ता र फिल्ड सहायकका हकमा अन्तरवार्ता संचालन गरिनेछ ।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयंमले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

क. नागरिकता

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. काम सँग सम्वन्धित अनुभव भए सोको कागजात

ङ. तालिमको प्रमाणपत्र

च. २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधाः- एम.आई.एस.अपरेटरले र फिल्ड सहायकले निजामति सेवाको क्रमशः राजपत्र अनङ्कित प्रथम श्रेणी र द्धितीय श्रेणी सरहको शुरु तलब स्केल बराबर ।

८. कम्प्यूटर सिप परीक्षण र अन्तरवार्ताको मिति संक्षिप्त सूची प्रकाशन सँगै तोकिने छ ।

दुर्गलाल न्यौपाने

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner